अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं.	प्रतिवादी	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**प्रतिवादी निलकण्ठ पोखरेल** समेत कूल ८ जना **(निलकण्ठ पोखरेल, विश्वनाथ पौडेल,भानुभक्त भट्टराई,हरिलाल खनाल,हेमा न्यौपाने तिमिल्सिना, परसुराम खनाल, उमा श्रेष्ठ र महेन्द्र कुमार भन्ने श्रीप्रसाद श्रेष्ठ** प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं.०८०-CR-०१४८), बिशेष अदालतबाट फैसला भएको मिति २०८१/०२/२०)	सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको।	प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदावी लिइएको अवस्था विद्यमान छः **<u>कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख,प्रतिवादी निलकण्ठ पोखरेलका हकमाः</u>** कृषि विकास निर्देशनालय,गण्डकी प्रदेश पोखराले स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापना कार्यक्रम संचालनका लागि पकवादी कृषि सहकारी संस्थाको प्रस्ताव स्वीकृत गर्दा गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने श्रीप्रसाद श्रेष्ठ (महेन्द्र कुमार श्रेष्ठ) को नाममा रहेको कित्ता नं.५३८ र कि.न. ५४२ को जग्गामा उक्त कृषि बजार केन्द्र स्थापना हुने भन्ने सम्झौतामा उल्लेख भएतापनि सम्झौताको पालना नभई नेपाल सरकार, सिद्धार्थ राजमार्गको सडक सीमाभित्रको कि.नं.२९२३ र कि.नं. २९२४ को जग्गामा गैरकानूनी रुपमा संरचनाहरु निर्माण भएको अबस्थामा निज कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख, निज प्रतिवादी निलकण्ठ पोखरेलले कृषि वजार केन्द्र स्थापनाका लागि गरिएको सम्झौतापत्रमा हस्ताक्षर गर्ने, संस्थाले निर्माण गर्न लागेको कृषि उपज प्रवर्द्धन केन्द्रको फिल्ड अनुगमन गर्ने,कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र स्वीकृत गर्ने, भुक्तानीका लागि सिफारिस गर्ने कार्यमा संलग्न रही सम्झौता अनुसार कार्य सम्पन्न भए नभएको सम्बन्धमा यकिन नै	<u>फैसलाः</u> प्रस्तुत मुद्दामा कूल ८ जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ । **<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>** प्रस्तुत मुद्दामा बिशेष अदालत, काठमाण्डौबाट निज प्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्: क) प्रस्तुत मुद्दाका सम्बन्धमा कृषि विकास निर्देशनालय,गण्डकी प्रदेश, पोखराले स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापना कार्यक्रम संचालनका लागि पकवादी कृषि सहकारी संस्थाको प्रस्ताव कृषि ज्ञान केन्द्र स्याङ्जाको सिफारिसका आधारमा स्वीकृत गरेको देखिएको, कृषि ज्ञान केन्द्रले सिफारिस गर्नु अगाडि पकवादी सहकारी संस्थाको स्थलगत अनुगमन समेत गरेको देखिएको, सो कृषि ज्ञान केन्द्रले पकवादी कृषि सहकारी संस्थाको प्रस्तावना प्राविधिक दृष्टिकोणले उपयुक्त रहेको भनी उल्लेख गरेको देखिएको,अनुगमन गरी प्रतिवेदन पेस गर्ने टोली उपर आरोप पत्रमा कुनै बदनियत औंल्याएको नदेखिएको। ख) प्रस्तुत मुद्दाका प्रतिवादीहरुले	क) प्रस्तुत मुद्दाका सम्बन्धमा मिशिल संलग्न मिति २०७६।५।१५ गतेको पकवादी कृषि सहकारी संस्था लि.गल्याङ-३,स्याङ्जाका अध्यक्ष निज प्रतिवादी हरिलाल खनाल र गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने जग्गाधनी श्रीप्रसाद श्रेष्ठ (महेन्द्र कुमार श्रेष्ठ) द्वारा हस्ताक्षर भएको जग्गा भाडा सम्झौतामा जग्गा धनी महेन्द्र कुमार श्रेष्ठको नाममा रहेको कि.नं.५३८ र कि.नं. ५४२ को जग्गामा भवन निर्माण गर्नको लागि जग्गा भाडा सम्झौता गरी सो सम्झौता विपरीत सिद्धार्थ राजमार्गको सडक सीमा भित्रको कि.नं.२९२३ र कि.नं.२९२४ को जग्गामा नक्सा पास समेत नगरी कृषि बजार केन्द्र संचालनका लागि संरचना निर्माण गरेको र कृषि विकास निर्देशनालयमा सम्झौता बमोजिम नै संरचना निर्माण गरेको भन्ने गलत विवरण पेश गरी वदनियतपूर्ण ढंगले रु.२८,३७,२१७।- (अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) भुक्तानी प्राप्त गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय,सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अविलम्ब हटाउन जानकारी गराई सकेको अबस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादीहरुले सरकारी सम्पत्तिको हानिनोक्सानी पुऱ्याउन वदनियतपूर्वक कार्य गरेका र सोही आधारमा प्रतिवादीहरुले आपसी मिलेमतोमा सम्झौता विपरीतको स्थानमा संरचना निर्माण गरी गराई निज प्रतिवादीहरुले आफ्नो पदीय कर्तव्य र दायित्व समेतबाट च्यूत भई बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी गरेको तथ्य र प्रमाण देखिंदा देखिंदै तथा मिशिल संलग्न मिति २०७६।०९।२९ मा प्रथम पक्षको तर्फबाट प्रतिवादी निलकण्ठ पोखरेल र दोस्रो पक्षको तर्फबाट हरिलाल खनालले हस्ताक्षर गरेको "स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापनाका लागि गरिएको सम्झौता पत्र" को तपशिलको बुँदा नं १३ मा स्पष्ट रुपमै प्रस्ताव पेश गर्दाका बखत पेश गरेको जग्गा मै निर्माणकार्य गर्नु पर्ने कुरा लेखिएको, अन्यथा प्रथम पक्षबाट रकम भुक्तानी नहुने व्यहोरा उल्लेख भएको देखिंदा देखिंदै सम्झौतामा किटानी रुपमा उल्लेख भएको निज

			नगरी पकवादी सहकारी संस्थालाई भुक्तानी गर्न स्वीकृत समेत गरी वदिनयतपूर्ण ढंगले कार्य गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अविलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादी निलकण्ठ पोखरेलले सरकारी सम्पत्ति हानिनोक्सानी हुने कार्य गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निज उपर रु.२८,३७,२१७।- (अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) विगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) र ३(१) बमोजिम कैद र विगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुनसमेत मागदावी लिइएको। **<u>कृषि विकास निर्देशनालय,गण्डकी प्रदेशका तत्कालीन कृषि इन्जिनीयर, प्रतिवादी विश्वनाथ पौडेलको हकमा:</u>** कृषि विकास निर्देशनालय,गण्डकी प्रदेश पोखराले स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापना कार्यक्रम संचालनका लागि पकवादी कृषि सहकारी संस्थाको प्रस्ताव स्वीकृत गर्दा गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने श्रीप्रसाद श्रेष्ठ (महेन्द्र कुमार श्रेष्ठ) को नाममा रहेको कित्ता नं.५३८ र कि.नं. ५४२ को जग्गामा	अनुसन्धान अधिकारी समक्ष गरेको बयानदेखि नै आरोपित कसूरमा ईन्कार रही बयान गरेको देखिएको, सो ईन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षीहरुले बकपत्र गरेको समेत देखिएको । ग) यसैगरी, भवनको निर्माणाधिन अवस्थामा नै कुनै उजूर परेको भन्ने आरोप व्यहोरा पनि नदेखिएको, यस अवस्थामा कृषि सहकारी संस्थाबाट कृषि बजार केन्द्र निर्माण गर्नका लागि निर्देशनालयमा सम्झौता गर्दाका वखत पेश गरेको जग्गा र करार सम्झौतामा उल्लिखित जग्गा भन्दा फरक जग्गामा कृषि बजार निर्माणको भवन निर्माण गरेको होला भन्ने यी प्रतिवादीहरुले शंका गर्ने अवस्था पनि नरहेको। घ) कृषि बजार निर्माणको लागि मिति २०७६।०९।२७ मा भएको सम्झौता अनुसार कृषि बजार निर्माणमा गुणस्तर कम भएको वा कम परिमाणको कार्य गरी नापी कितावमा बढी उल्लेख भएको वा सम्झौता अनुसार कार्य नै नभएको भन्ने आरोप दाबी रहेको नदेखिएको, खर्च देखाईएको भवन निर्माणको रकम हिनामिनातर्फ दाबी नरहेको देखिएको, प्रस्तुत मुद्दाका मुख्य प्रतिवादीहरुलाई नै कसूर ठहर नभएको अवस्थामा सो कसूरको मतियारको कसूरमा दाबी गरेको अन्य प्रतिवादीहरुले मतियारको	प्रतिवादीहरुको आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व समेतलाई वेवास्ता गरी सरकारी सम्पत्ति नोक्सानी पु-र्याउने यि प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ। **ख)** कृषि बजार केन्द्र निर्माणको सम्बन्धमा मिति २०७६।९।२९ गते हस्ताक्षर भएको **"स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापनाका लागि गरिएको सम्झौता पत्र"**, मिति २०७६।५।१५ गतेको जग्गा भाडा सम्झौता, साझेदारीमा कृषि बजार केन्द्र स्थापना तथा सञ्चालत निर्देशिका, २०७५ को दफा ५ र मिशिल संलग्न नापी कार्यालय,वालिङ्,स्याङ्जाको पत्र सँख्या ०७७।०७८, च.नं.५६, मिति २०७७।०७।०२ को पत्र, सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन, पोखराको पत्र सँख्या २०७७।०७८,च.नं.१४५९,मिति २०७८।०३।१६ को पत्र समेतबाट निज प्रतिवादीहरुले भाडा सम्झौता भएको श्रीप्रसाद श्रेष्ठको कि.नं.५३८ र कि.नं.५४२ जग्गा यकिन नगरी नेपाल सरकार, सडक विभागको क्षेत्राधिकार भित्रको कि.नं.२९२३ र कि.नं.२९२४को जग्गामा नगरपालिकाबाट नक्सा पास समेत नगरी नेपाल सरकारको सम्पत्ति नोक्सानी पु-र्याउने र भाडा सम्झौता भएको व्यक्तिलाई फाईदा पु-र्याउने बदनियतपूर्वक उक्त कार्य गरे गराएको व्यहोरालाई अनदेखागरी प्रतिवादीहरुको ईन्कारी बयान र निजहरुका साक्षीहरुको बकपत्रलाई प्रमुख आधारमानी निज प्रतिवादीरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ। **ग)** यसैगरी निज प्रतिवादीहरुले गरेको कार्यका सम्बन्धमा कुनै निकायमा उजुरी पर्छ वा पर्दैन भन्ने कुरा तथा निजहरुले तोकिएको सम्झौता र शर्त विपरीत निर्माण कार्य गर्ने गराउने कुरामा कुनै प्रासंगिकता नहुने, यदि उजुरी नपर्ने हो भने सम्झौता विपरीत गई काम गर्न पाउने भन्ने हुँदैन, त्यसैले निज प्रतिवादीहरुले आफ्नो कर्तव्य, दायित्व र भूमिका निर्वाह नगरेकै कारण नेपाल सरकारलाई हानिनोक्सानी भईरहेको व्यहोरा समेतलाई नजर अन्दाज गरी प्रतिवादीहरुले गरेको कसूरको गम्भीरता,सार्वजनिक सरकारी जग्गाको संरक्षण गर्नु पर्ने कर्तव्य र जिम्मेवारी समेतलाई मध्यनजर नगरी भएको उक्त फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।

			उक्त कृषि बजार केन्द्र स्थापना हुने भन्ने सम्झौतामा उल्लेख भएतापनि सम्झौताको पालना नभई नेपाल सरकार,सिद्धार्थ राजमार्गको सडक सीमा भित्रको कि.नं.२९२३ र कि.नं. २९२४ को जग्गामा गैरकानूनी रुपमा संरचनाहरु निर्माण भएको अवस्थामा निज प्रतिवादी विश्वनाथ पौडेल कृषि विकास निर्देशनालय,गण्डकी प्रदेशका कृषि इन्जिनियर पदमा कार्यरत रहँदा पकवादी सहकारी संस्थाले निर्माण गर्न लागेको कृषि उपज प्रवर्द्धन केन्द्रको जग्गाको यकिन नगरी फिल्ड अनुगमन गर्ने, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र स्वीकृत गर्ने र भुक्तानीका लागि सिफारिस गर्ने कार्यमा संलग्न रही सम्झौता अनुसार कार्य सम्पन्न भए नभएको सम्बन्धमा यकिन नै नगरी पकवादी सहकारी संस्थालाई भुक्तानी गर्न स्वीकृत समेत गरी वदिनयतपूर्ण ढंगले कार्य गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय,सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अबिलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले प्रतिवादी विश्वनाथ पौडेलले सरकारी सम्पत्ति हानिनोक्सानी हुने कार्य गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निज उपर रु.२८,३७,२१७।-(अक्षरेपि अठ्ठाईस लाख सैतिस हजार दुईसय सत्र मात्र) विगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) र	कसूर गरेको मान्न मिल्ने नदेखिएको।	**घ)** यसैगरी निज प्रतिवादीहरुको मिलेमतोमा मिशिल संलग्न कृषि बजार केन्द्र निर्माणको सम्बन्धमा मिति २०७६।०९।२७ को, मिति २०७६।९।२९ गते हस्ताक्षर भएको "स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापनाकालागि गरिएको सम्झौता पत्र" र मिति २०७६।५।१५ गतेको जग्गा भाडा सम्झौता समेत विपरीत गई निर्माण कार्य गरि गराई जग्गा धनी महेन्द्र कुमार श्रेष्ठको नाममा रहेको कि.नं.५३८ र कि.नं. ५४२ को जग्गामा भवन निर्माण गर्नको लागि जग्गा भाडा सम्झौता गरी सो सम्झौता विपरीत सिद्धार्थ राजमार्गको सडक सीमा भित्रको कि.नं.२९२३ र कि.नं.२९२४ को जग्गामा नक्सा पास समेत नगरी कृषि बजार केन्द्र संचालनका लागि संरचना निर्माण गरेको र कृषि विकास निर्देशनालयमा सम्झौता बमोजिम नै संरचना निर्माण गरेको भन्ने गलत विवरण पेश गरी वदनियतपूर्ण ढंगले रु.२८,३७,२१७।-(अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) भुक्तानी प्राप्त गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय,सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अबिलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादीहरुले आपसी मिलेमतोमा सम्झौता विपरीतको स्थानमा संरचना निर्माण गरी गराई सरकारी सम्पत्तिको हानिनोक्सानी पुऱ्याएकामा आरोप दावी लिईएको व्यहोरालाई वेवास्ता गरी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।

			३(१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुन समेत माग दावी लिईएको। **<u>कृषि विकास निर्देशनालय,गण्डकी प्रदेशका तत्कालीन कृषि अर्थविज्ञ (शाखा प्रमुख) प्रतिवादी भानुभक्त भट्टराईको हकमा:</u>** कृषि विकास निर्देशनालय,गण्डकी प्रदेश पोखराले स्थानीय निकायको साझेदारीमा कृषि बजार केन्द्र स्थापना कार्यक्रम संचालनका लागि पकवादी कृषि सहकारी संस्थाको प्रस्ताव स्वीकृत गर्दा गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने श्रीप्रसाद श्रेष्ठ (महेन्द्र कुमार श्रेष्ठ) को नाममा रहेको कित्ता नं.५३८ र कि.नं. ५४२ को जग्गामा उक्त कृषि बजार केन्द्र स्थापना हुने भन्ने सम्झौतामा उल्लेख भएतापनि सम्झौता बमोजिम नभई नेपाल सरकार, सिद्धार्थ राजमार्गको सडक सीमाभित्रको कि.नं.२९२३ र कि.नं. २९२४ को जग्गामा गैरकानूनी रुपमा संरचनाहरु निर्माण भएको अवस्थामा निज प्रतिवादी भानुभक्त भट्टराईले सम्झौता अनुसार कार्य सम्पन्न भएको भनी पकवादी सहकारी संस्थालाई भुक्तानीको लागि सिफारिस गरी वदिनयतपूर्ण ढंगले कार्य गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अबिलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने भएकोले निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादी भानुभक्त		

			भट्टराईले सरकारी सम्पत्ति हानिनोक्सानी हुने कार्य गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निजउपर रु.२८,३७,२१७।-(अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) विगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार सोही ऐनको दफा ३(१)(छ) र ३(१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुलउपर हुन माग दावी लिईएको। **<u>जिल्ला स्याङ्गजा, गल्याङ्ग नगरपालिका वडा नं. ३ स्थित पकवादी सहकारी सँस्थाका तत्कालीन अध्यक्ष, प्रतिवादी हरिलाल खनाल, उपाध्यक्ष प्रतिवादी हेमा न्यौपाने तिमिल्सिना, सचिव प्रतिवादी परसुराम खनाल, र कोषाध्यक्ष प्रतिवादी उमा श्रेष्ठको हकमा:</u>** पकवादी सहकारी संस्थाका तत्कालीन समयका अध्यक्ष हरिलाल खनाल, उपाध्यक्ष हेमा न्यौपाने तिमिल्सिना, सचिव परसुराम खनाल र कोषाध्यक्ष उमा श्रेष्ठले कृषि विकास निर्देशनालय,पोखराले गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने जग्गाधनी श्रीप्रसाद श्रेष्ठ (महेन्द्र कुमार श्रेष्ठ) को नाममा रहेको कि.नं.५३८ र कि.नं. ५४२ को जग्गामा भवन निर्माण गर्ने शर्तमा अनुदान सम्झौता गरी सम्झौता विपरीत सिद्धार्थ राजमार्गको सडक सीमा भित्रको कि.नं.२९२३ र कि.नं.२९२४ को जग्गामा नक्सा पास समेत नगरी कृषि बजार केन्द्र संचालनका लागि संरचना निर्माण गरेको र कृषि विकास निर्देशनालयमा सम्झौता		

			बमोजिम नै संरचना निर्माण गरेको भन्ने गलत विवरण पेश गरी वदनियतपूर्ण ढंगले रु.२८,३७,२१७।- (अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) भुक्तानी प्राप्त गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय,सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अविलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादीहरुले सरकारी सम्पत्तिको हानिनोक्सानी पुऱ्याउन वदनियतपूर्वक सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसूर गरेको देखिँदा निजहरु उपर रु.२८,३७,२१७।-(अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) विगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारलाई हुने सरह नै सजायँ हुन माग दावी लिईएको। **<u>जिल्ला स्याङ्गजा, गल्याङ्ग नगरपालिका वडा नं. ३ बस्ने महेन्द्र कुमार भन्ने श्रीप्रसाद श्रेष्ठको हकमाः</u>** जग्गाधनी निज प्रतिवादी श्रीप्रसाद श्रेष्ठले पकवादी कृषि सहकारी संस्थालाई कृषि विकास निर्देशनालय,गण्डकी प्रदेशबाट अनुदानमा संचालन हुने कृषि बजार केन्द्र स्थापना गर्न २५ बर्षको लागि आफ्नो नाममा रहेको गल्याङ्ग नगरपालिका वडा न. ३ स्थित कित्ता नं.५३८ र कि.नं. ५४२		

			को जग्गाधनी प्रमाणपुर्जा देखाएर भाडा सम्झौता गरी आफ्नो हकभोग नपुग्ने नेपाल सरकार, सिद्धार्थ राजमार्गको सडक सीमा भित्रको कि.नं. २९२३ र कि.नं.२९२४ को जग्गामा पकवादी सहकारी संस्थालाई कृषि बजार केन्द्र स्थापनाको लागि भवन वनाउन लगाई सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनीरुपमा अरुको नाममा भोगचलन गर्ने गराउने वदनियतपूर्ण कार्य गरेको र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन पोखराबाट समेत सडक सीमाभित्र निर्माण गरिएका उक्त संरचनाहरु अबिलम्ब हटाउन जानकारी गराई सकेको अवस्थामा भविष्यमा उक्त संरचना अस्तित्वमा नरहने र निर्माणमा भएको सम्पूर्ण खर्च खेर जाने भएकोले निज प्रतिवादी महेन्द्र कुमार भन्ने श्रीप्रसाद श्रेष्ठले सरकारी सम्पत्तिको हानिनोक्सानी पुऱ्याउने कार्यमा वद्िनयतपूर्वक सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसूर गरेको देखिँदा निज उपर रु.२८,३७,२१७।-(अक्षरेपि अठ्ठाईस लाख सैंतिस हजार दुईसय सत्र मात्र) विगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारलाई हुने सरह नै सजायँ हुन माग दावी गरिएको।		